सम्पादकीय

# भूमे साप्ताहिक

वर्ष ६ अङ्क ३५ जेष्ठ ०४ आईतबार

## गाउँमै पुगेर सेवा दिँदै भूमे गाउँपालिका

जनताको सेवा जनताको घरदैलोमै” भन्ने मूल उद्देश्यका साथ भूमे गाउँपालिकाले सुरु गरेको सेवा प्रवाह कार्यक्रम पछिल्लो समय जनस्तरमै प्रशंसा बटुल्न सफल भएको छ। सरकारी सेवा लिन पालिका केन्द्रमा धाउनुपर्ने बाध्यता हटाउँदै अब पालिकाको नेतृत्व र कर्मचारी स्वयं सेवा लिएर नागरिककै घरदैलोमा भूमे गाउँपालिका पुगेको हो।

विगतमा नागरिकता, , जन्म–मृत्यु दर्ता, कृषि सल्लाह, पशुपालन सम्बन्धी प्रविधि, स्वास्थ्य जाँचजस्ता आधारभूत सेवा लिन गाउँबाट टाढासम्म यात्रा गर्नु पर्ने अवस्था थियो। अब ती सबै सेवा क्रमशः वडास्तरमै र नागरककव घर दैलोबाट हुदाँ स्थानीय सरकारको प्रभावकारिता देखाएको छ।

भूमे गाउँपालिकाले सुरु गरेको ‘गाउँमै सरकार’ अभियान अन्तर्गत अध्यक्ष, वडाध्यक्ष, जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा प्राविधिकहरु गाउँमा खटिएर सेवा दिइरहेका छन्। यसबाट नागरिकले सरकारलाई महसुस गरेका छन्—कागजमा होइन, व्यवहारमा सत्य के हो भने, सेवा सुविधा पाउनु नागरिकको अधिकार हो, र त्यो अधिकार समयमै, सहज र सुलभ तरिकाले प्रदान गर्नु सरकारको कर्तव्य हुदाँ भूमे गाउँपालिकाले यो कर्तव्यलाई आत्मसात गर्दै जनमुखी शासन अभ्यास गरेको छ।

भरखरै सम्पन्न भएको एकीकृत घुम्ती शिविरले जनताको गुनासो सुन्ने, सुझाव लिने र प्रत्यक्ष संवाद गर्ने अवसर पनि दिएको छ। स्थानीय सरकार भनेकै नजिकको सरकार हो’ भन्ने भावनालाई थप सशक्त बनाउँदा नागरिक खुसी छन्। भूमे गाउँपालिकाको सेवा अब कार्यालयको पर्खालभित्र सीमित छैन। सेवा अब जनताको घरदैलोमा छ। आगामी दिनमा यो अभ्यासलाई अझ व्यवस्थित, समावेशी र दिगो बनाउन आवश्यक योजना र संरचना विकासमा लागि पर्ने हो भने जनताको साथ, सुझाव र सहकार्यमा गाउँपालिका प्रेरणाको स्रोत बन्न सक्छ।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

भूमे साप्ताहिक
समाचार २
वर्ष ६ अङ्क ३५ २०८२ जेठ ०४
आईतबार

# ढोका–ढोकामा सेवा पुऱ्याउँदै भूमे गाउँपालिका




❖ *बालाराम शेर्पाली*

रुकुम पूर्वको भूमे गाउँपालिकाले तीन वडाका नागरिकलाई लक्षित गर्दै संचालन गरेको दुई दिने एकीकृत घुम्ती शिविर सम्पन्न भएको छ। वडा नं. ६ र ७ को सिमाक्षेत्र रिसालचौरमा बैशाख ३१ गते र वडा नं. ९ को चुन्वाङमा जेठ २ गते आयोजित शिविरमार्फत गाउँपालिकाले नागरिकको घरदैलोमै सेवा पुऱ्याएको हो।

गाउँपालिकाको आयोजनामा सञ्चालित शिविरमा स्वास्थ्य परीक्षणदेखि पशुसेवा, नागरिकता तथा पञ्जिकरण, व्यवसाय दर्ता, कृषि परामर्श जस्ता बहुआयामिक सेवा उपलब्ध गराइएको थियो। विकट भौगोलिक अवस्थाका कारण गाउँपालिकाको केन्द्र

पुग्न कठिन हुने वडाका नागरिकका लागि सेवा सहज बनाउने उद्देश्यले शिविर सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले जानकारी दिनुभयो।

'एकीकृत घुम्ती शिविर मार्फत दुर्गम वडामा पुगेर सेवा दिने अभियान हामीले अघिल्लो कार्यकालदेखि नै सुरु गरेका थियौं,'अध्यक्ष श्रेष्ठले भन्नुभयो।सामान्य स्वास्थ्य परीक्षण वा प्रमाणपत्र लिन मात्रै पनि वडाबाट सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य गर्न यो शिविर प्रभावकारी भएको छ।

उपाध्यक्ष सबिना बुढा मगरका अनुसार नागरिकको अनुहारमा देखिएको खुसी नै जनप्रतिनिधिका लागि सबैभन्दा ठूलो पुरस्कार भएको बताउनुभयो। 'स्थानीय सरकारले नागरिकको घरसम्म सेवा पुऱ्याउन सकेको अवस्था भनेको राम्रो शासनको उदाहरण भएको बताउनुभयो।उपाध्यक्ष मगरले 'हामीले प्रशासनिकभन्दा पनि मानवीय भावना राखेर सेवा पुऱ्याउने प्रयास गरेको उहाँले बताउनुभयो'

शिविरका क्रममा पाठेघर र क्यान्सर परीक्षण ४५ जनाको गर्भ परीक्षण र भिडियो एक्सरे, २४ जनाको प्रयोगशाला परीक्षण, ७५ जनाको आँखा परीक्षण, १सय २ जनाको ओपीडी सेवा १ सय ७२ जनाको र पशु स्वास्थ्य उपचार १ सय २८ वटा गरिएको थियो।साथै ६ वटा पिउने पानीको नमुना संकलन गरी गुणस्तर परीक्षण गरिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले नागरिकता पञ्जिकरण, व्यवसाय दर्ता तथा नविकरण, अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण, कृषि तथा पशुपालनसम्बन्धी परामर्श जस्ता सेवा पनि उपलब्ध गराइएको थियो।शिविरमार्फत सेवा प्राप्त गरेका स्थानीयवासीले गाउँमै सेवा पाएपछि आफूहरू अत्यन्त खुसी भएको बताएका छन्।वडा नं. ९ का अध्यक्ष विनोद बुढाले निर्वाचित भएदेखि वडा कार्यालयमार्फत सेवा प्रवाहमा ढिलासुस्ती हुन नदिएको र जनतामा विश्वास कायम राख्न सफल भएको दाबी गर्नुभएको छ।शिविरमा सहभागी जनशक्ति र व्यवस्थापनको नेतृत्व गरेका प्रमुख प्रशासकीय अधिकृत देबीलाल विकले शिविरमार्फत सबै सेवा एकै ठाउँमा पुऱ्याउनु चुनौतीपूर्ण भए पनि सफलतापूर्वक सम्पन्न गरिएको बताएउनुभयो।

गाउँपालिकाले चालु आर्थिक वर्षमा अन्य वडामा समेत शिविर सञ्चालन गर्ने तयारी गरिरहेको छ।पालिकाले सेवा केन्द्रित शासन प्रणालीलाई जनमुखी बनाउँदै विकट ठाउँमा समेत सेवा पुऱ्याउने रणनीति बनाएको छ।

# जीवन र मरणको दोसाँधमा

## स्वास्थ्यकर्मीको समर्पणमा बाँचे आमा छोरी



❖ *सासाहिक संवाददाता*

दुर्गम र विकट भेग रुकुम पूर्वको भूमे गाउँपालिका–१ लुकुमकी ४५ वर्षीया रामजनी पुनले स्वास्थ्य संस्थामा पुग्न नपाउँदै बाटोमै सुत्केरी भइन्। बुधबार बिहान सबेरै सुत्केरी व्यथा लागेपछि उनलाई लुकुमको आधारभूत स्वास्थ्य केन्द्रबाट काँक्री स्वास्थ्य चौकीमा रिफर गरिएको थियो। तर रामजनीलाई स्वास्थ्य संस्थासम्मको यात्रा सहज थिएन।

लुम्बिनी प्रदेशकै एक मात्र हिमाली जिल्ला रुकुम पूर्वमा यातायातको पहुँच नहुँदा सवारी साधन प्रयोग गर्न सकिने अवस्था जिल्लाको दर्जनौ गाउँ बस्तीहरु रहेका छन्।

अझैसम्म गाउँमा स्ट्रेचरमा बोकेर बिरामी बोक्नु पर्ने बाध्यता छ। तर रामजनी भने मध्य पहाडी लोगमार्गको छेउमा घर भएको कारण भूमे - २ काँक्रीको स्वास्थ्य केन्द्रमा पुऱ्याउन तीन पाङग्रे अटो रिक्सामा लैजाँदै गर्दा बिच बाटोमा नै अत्यधिक पीडा सुरु भयो।

उता काँक्री स्वास्थ्य चौकीमा सन्देश पुग्नेबित्तिकै लुकुम आधारभूत स्वास्थ्य केन्द्रकी अनमी किरण पुन र काँक्री स्वास्थ्य चौकीकी सि. अनमी लिलासार बुढा तुरुन्तै घटनास्थल पुगेको बताउनुभयो।

अनमी लिलासारको अनुसार त्यो क्षण एकातिर सुत्केरी पीडामा छटपटाइरहेकी आमा, अर्कोतिर बाटोमा रामजनी र उनकी नवजात शिशुको जीवन गुम्ने थियो तर अथाह कोसिस पश्चात् आमा छोरीको स्वास्थ्य खतरा उत्पन्न भने नभएको लिलासारले बताउनुभयो। दुई स्वास्थ्यकर्मीहरू न थाकिन्, न हच्किइन्। स्वास्थ्य संस्थाभन्दा टाढा, साधनरहित परिस्थितिमा पनि उनीहरूले रामजनीको सुत्केरी गराइन् र शिशुको सुरक्षित जन्म सुनिश्चित गरिन्।

काँक्री स्वास्थ्य चौकीका प्रमुख तिलक रोका मगरका अनुसार, समयमै हामीलाई थाहा नभएको भए आमा र नवजात शिशु दुवैको ज्यान जोखिममा पर्ने सम्भावना प्रबल थियो। स्वास्थ्यकर्मीहरूको तत्परताले दुई जीवन बचाईयो," रोकाले खुसी हुदैं भन्नुभयो।

यातायातको अभाव र समयमै नपुग्ने एम्बुलेन्स, दक्ष जनशक्तिको कमी र भौगोलिक कठिनाइका कारण अझैपनि महिलाहरूले सडक र बीचमा सुत्केरी हुने बाध्यता भोगिरहेका छन्। स्वास्थ्यकर्मीहरूको समर्पणले आज दुई जीवन बचाउन सफल भए पनि, यस प्रकारका जोखिम र पीडा दोहोरिरहँदा स्थानीयवासी र स्वास्थ्यकर्मी दुवैले सरकार र सरोकारवालासँग आग्रह गरेका छन्।

## चुन्वाङमा विद्यालयको भौतिक संरचनाको अनुगमन




रुकुमपूर्वको भूमे गाउँपालिका –९ अन्तर्गतका विभिन्न विद्यालयहरूमा अध्ययन, अनुगमन तथा अवलोकन गरिएको छ। शैक्षिक सुधारका लागि गाउँपालिकाले शिक्षाको गुणस्तर वृद्धिका लागि स्थलगत अध्ययनलाई प्राथमिकता दिएको जनाएको छ। गैरीगाउँस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सिमचौर आधारभूत विद्यालय, मदन स्मृति आधारभूत विद्यालय डाँडागाउँ लगायतका विद्यालयहरूमा अनुगमन टोलीले शैक्षिक अवस्था, विद्यार्थी तथा शिक्षकको उपस्थिति, भौतिक पूर्वाधारको उपयोग र अवस्था, सिकाइको उपलब्धि तथा प्रशासनिक व्यवस्थापनबारे अवलोकन गरेको हो।

अनुगमनको नेतृत्व गाउँपालिकाका उपाध्यक्ष तथा अनुगमन समितिकी संयोजक सबिना बुढामगरले गर्नुभएको थियो। यस्तै प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिक, वडा अध्यक्ष विनोद बुढामगर, अनुगमन समितिका सदस्यसचिव प्रेम प्रसाद भट्टराई, रोजगार सहायक चन्द्र रसाइली तथा नेपाल पत्रकार महासंघ रुकुमपूर्वका उपाध्यक्ष बालाराम शेर्पाली लगायतको उपस्थिति रहेको थियो। विद्यालयहरूको निरीक्षणपछि टोलीले अधिकांश विद्यालयमा आधारभूत भौतिक संरचनाहरु बन्दै गरेको संरचनाहरु बनाउन गाउँपालिका लागि परेको बताएको छ।

# सहकारीले बारीबाटै कृषि उत्पादन किन्दा कृषक खुसी




❖ ***गोविन्द शर्मा***

लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुमपूर्वमा रहेको एक सहकारी संस्थाले स्थानीय उत्पादनको बजारीकरणको जिम्मा लिएपछि किसानले उपयुक्त मुल्य पाउन थालेका छन्। गाउँमा पहिले पनि कृषि उत्पादन हुने गरेकोमा सहकारीले बजारीकरण गर्न थालेपछि किसानले बजारसँगै उचित मूल्य पाउन थालेका हुन्।

यसले स्थानीय उत्पादनमा बृद्धि हुन थालेको छ। भूमे गाउँपालिका २ मा रहेको मारिङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड खाबाङ बगरमा एक हजार ९३५ जना शेयर सदस्य छन्। उहाँहरु गाउँमा रहेका बिभिन्न ४७ वटा

समुहमा आवद्ध रहेको सहकारीका अध्यक्ष रामसुर बुढाले जानकारी दिनुभयो। २०७५ जेठ महिनामा स्थापना भएको यो सहकारी सुरुमा गाउँपालिकाले उपलब्ध गराएको ३० लाख रुपियाँ अनुदानमा माओवादी सशस्त्र द्वन्द्वका सहिदका परिवार, घाइते अपाङ्गता र अति विपन्न गरी २०७ परिवारलाई शेयर सदस्य बनाइएको छ।

गाउँपालिकाका पूर्व अध्यक्ष समेत रहनुभएका सहकारीका अध्यक्ष बुढा पालिकाका प्रत्येक घरधुरीलाई सहकारीको सदस्य बनाउने लक्ष्य रहेको बताउनुभयो। सहकारीका अध्यक्ष बुढा भन्नुहुन्छ, 'मासिक दुई पटक नियमित हुने समूहको बैठकमा किसानको उत्पादनबारे जानकारी राखिन्छ, उहाँहरुले मोटर पुग्ने ठाउँसम्म ल्याउनु हुन्छ, कृषि एम्बुलेन्स पुगेर सहकारीसम्म ल्याउने गरिएको छ।'

किसानले आलु, सिमी, भटमास, केराउ, लसुन, फापर लगायतका स्थानीय उत्पादन सहकारीलाई बिक्री गर्नेगरेका छन्। किसानले खरिद गरेको उत्पादन सहकारीले खाबाङ बगरमा रहेको कार्यालयसम्म ल्याएर काठमाडौं लगायत बिभिन्न सहरमा पठाउने गरेको छ।

सहकारीले गत आवमा चार करोड ५० लाख रुपियाँ बराबरको स्थानीय उत्पादनको कारोबार गरेको जनाएको छ। भूमेमा सबैभन्दा बढी उत्पादन आलु हुने गरेको छ। भूमेमा किसानले बिषादीरहित तरकारी र अन्य कृषिउपज उत्पादन गर्ने गरेको सहकारीका अध्यक्ष बुढाले बताउनुभयो।

# फेयरमेड र मिक नेपालको साझेदारीमा तीनवटा गाउँपालिका समेटिने

रुकुमपूर्व, दुर्गम क्षेत्रका जनताको स्वास्थ्यमा पहुँच विस्तार गर्ने लक्ष्यसहित फेयरमेड फाउण्डेशन नेपाल र नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र ९मिक नेपाल० को संयुक्त पहलमा रुकुमपूर्वको भूमे गाउँपालिकामा स्वास्थ्य परियोजना सुरु गरिएको छ। गत चैत्र महिनादेखि सुरु भएको तीनवर्षे परियोजनाको औपचारिक प्रारम्भ भूमे गाउँपालिकाको सभाहलमा एक कार्यक्रममार्फत गरिएको हो। कार्यक्रममा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, उपाध्यक्ष, वडाध्यक्षहरू, प्रमुख

प्रशासकीय अधिकृत देबिलाल विकलगायत विभिन्न शाखाका प्रमुखहरूको उपस्थिति रहेको थियो। मिक



नेपालका उपाध्यक्ष वेदना बुढामगरले परियोजनाले रुकुमपूर्वका सिस्ने, भूमे र पुथाउत्तरगंगा गाउँपालिकाका दुर्गम बस्तीमा स्वास्थ्य सेवा विस्तार गर्ने बताउनुभयो। "हामी सुत्केरी सेवा, गर्भवती महिलाको हेरचाह, शिशु स्वास्थ्य तथा समुदायमा जनचेतना अभिवृद्धिमा केन्द्रित भएर अघि बढेको उपाध्यक्ष बुढामगरले बताउनुभयो।

कार्यक्रममा बोल्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले फेयरमेड र मिक नेपालले विगतमा पनि उल्लेखनीय काम गर्दै आएको बताउनुभयो। विगतका सफल गतिविधिहरूको निरन्तरतासँगै गाउँपालिका र सो संस्था बिच अझ सहकार्य र समन्वय गर्दै जनताको स्वास्थ्य सुधारमा लाग्ने बताउनु भएको छ।

आगामी दिनहरुमा गाउँपालिका र फाउण्डेशन नेपाल र नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र मिक नेपाल को साझेदारिमा काम गर्दै जाने बताउनु भएको छ। वडा नं. ५ का अध्यक्ष टेकप्रसाद बुढामगरले अझै पनि जनचेतनाको अभाव रहेको भन्दै परियोजनाबाट सबै वडामा स्वास्थ्य सम्बन्धी सशक्त चेतना फैलिने विश्वास व्यक्त गर्नुभयो। स्वास्थ्य शाखा प्रमुख उपेन्द्र यादवले परियोजनाले स्थानीय बर्थिङ सेन्टरहरूमा करुवा भान्छा निर्माण, सुरक्षित आवास व्यवस्थापनजस्ता महत्वपूर्ण काम गर्दै आएको जानकारी दिनुभयो।

"गर्भवती महिलाले स्वास्थ्य चौकीमा बस्न सक्ने सहजता परियोजनाले नै दिलाएको बताउनुभयो। परियोजनाले विशेषगरी आर्थिक, भौगोलिक र सामाजिक हिसाबले पछि परेका वर्गलाई लक्षित गरेर कार्यहरू अघि बढाउने बताइएको छ। स्थानीय तहसँगको साझेदारीमा परियोजना सञ्चालन गरिने हुँदा यसको दीर्घकालीन प्रभाव सुनिश्चित हुने अपेक्षा गरिएको छ।

फेयरमेड फाउण्डेशन र मिक नेपालको सहकार्यले रुकुमपूर्वका गाउँपालिकाहरूमा आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा उल्लेखनीय सुधार ल्याउने विश्वास गरिएको छ। दुर्गम बस्तीका गर्भवती महिला, नवजात शिशु र परिवारहरू अब अझ सुरक्षित, पहुँचयोग्य र प्रभावकारी स्वास्थ्य सेवाको प्रत्याभूति गर्न सक्ने वातावरण बन्नेछ।

भूमे साप्ताहिक
गतिविधी ९

वर्ष ६ अङ्क ३५ २०८२ जेठ ०४
आईतबार

# भूमेमा यौनिकता शिक्षा कार्यक्रमको हस्तान्तरण

❖ ***साप्ताहिक संवाददाता***

भूमे गाउँपालिकामा सञ्चालित बृहत यौनिकता शिक्षा कार्यक्रम किशोरमैत्री सूचना केन्द्र आईतबार एक औपचारिक समारोहबीच स्थानीय तहलाई हस्तान्तरण गरिएको छ। नेपाल परिवार नियोजन संघ (FPAN) र संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) को साझेदारीमा सन् २०१८ देखि सञ्चालनमा रहेको कार्यक्रमको हस्तान्तरण भूमे गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र यादवको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रममा स्थानीय जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, **AFIC** फोकल शिक्षक, विद्यालय व्यवस्थापन समिति सदस्य, शिक्षा तथा स्वास्थ्य शाखाका प्रतिनिधि, महिला तथा बालबालिका शाखा तथा सामाजिक विकास समितिका सदस्यहरूको सहभागिता रहेकाव थियो।

कार्यक्रम **UNFPA** को प्राविधिक र अष्ट्रेलियाली सरकारको परराष्ट्र मामिला तथा व्यापार विभाग **(DFAT)** को आर्थिक सहयोगमा सञ्चालनमा आएको हो। यसअन्तर्गत रुकुम पूर्वसहित बझाङ, बैतडी, अछाम र कपिलवस्तुका विद्यालयहरूमा किशोरमैत्री सूचना केन्द्र स्थापना गरिएको बताईएको छ। किशोर–किशोरीहरूले सुरक्षित र गोप्य वातावरणमा यौन तथा प्रजनन स्वास्थ्य, लैङ्गिक समानता, जीवन उपयोगी सीप, आत्मविश्वास विकास र व्यक्तिगत सशक्तीकरण सम्बन्धी जानकारी प्राप्त गर्दै आएका छन्। यस कार्यक्रमले शिक्षक, समकक्षीय प्रशिक्षक र फोकल व्यक्तिहरूलाई तालिम प्रदान गरी किशोरमैत्री ढंगमा जानकारी दिने अभ्यासलाई संस्थागत बनाएको थियो। नेपाल परिवार नियोजन संघ दाङ शाखाका प्रमुख बसन्त खनालले कार्यक्रममा हालसम्मका गतिविधि, उपलब्धि र प्रभावबारे जानकारी गराउँदै अब स्थानीय तह आफैंले कार्यक्रमको नेतृत्व लिनुपर्ने बेला आएको बताढनुभयो। उहाँले यो कार्यक्रम दीगो बनाउन स्थानीय सरकार, विद्यालय र समुदायको त्रिपक्षीय सहकार्य अनिवार्य रहेको बताउनुभयो। विद्यालयहरूले आफ्नै स्रोत साधनबाट **AFIC** सशक्त बनाउनु आवश्यक रहेको बताउनुभयो।

विद्यालयका प्रतिनिधिहरू, प्रधानाध्यापक, फोकल शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले आगामी दिनमा केन्द्रहरूको निरन्तरता र दीगो सञ्चालन सुनिश्चित गर्न प्रतिबद्धता व्यक्त गरेका छन्।

भूमे साप्ताहिक
अर्थतन्त्र
१०
वर्ष ६ अङ्क ३५ २०८२ जेठ ०४
आईतबार

# स्थानीय तहसँग समन्वयमा कृषि तथा पशुपन्छी बजेट तर्जुमा गोष्ठी सम्पन्न




❖ ***साप्ताहिक संवाददाता***

आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि कार्यक्रम र बजेट तर्जुमा गर्न एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम पूर्वले स्थानीय तहहरूसँग समन्वय गर्दै गोष्ठी सम्पन्न गरेको छ। बिहीबार रुकुमको बि.एल.बि. होटलमा सम्पन्न गोष्ठीमा तीनवटै तहका सरकारबीचको सहकार्य, किसानको वास्तविक आवश्यकता, र नीतिगत सुधारको आवश्यकता लगायतका विषयमा गम्भीर छलफल भएको छ।

जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघ बहादुर श्रेष्ठले कृषकहरूलाई दिइने अनुदान सामूहिक रूपमा वितरण गर्नुपर्ने र मिश्रित खेती प्रणालीले ल्याएको समस्यामा सरकारको ध्यान जानु जरुरी भएको बताउनुभयो। "कृषिमा लगानी गर्दा गाउँमै योजना बनाउनुपर्छ, त्यसका लागि यस्ता छलफल उपयोगी हुन्छन्," उहाँले भन्नुभयो।

भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले उत्पादनपछि मात्रै नभई सुरुमै वस्तुको लेबलिङ, प्याकेजिङ र ब्रान्डिङमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उहाँले योजनाहरू साझेदारीमा बनाइए मात्र कार्य परिणाममुखी हुने धारणा व्यक्त गर्नुभयो।

प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेले कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउने प्रयासमा स्थानीय तहको भूमिका निर्णायक हुने बताउनुभयो। “योजना बनाउँदा सम्भाव्यता, आवश्यक स्रोत, र बजेट सबै पक्ष विचार गर्नुपर्छ,” उहाँले भने।

सिस्ने गाउँपालिकाका उपाध्यक्ष गोपाल रेउले झन्झटिलो खरिद ऐनका कारण किसानले उत्पादन गरे पनि सरकारी साझेदारीमा बजारसम्म पु¥याउन नसकिएको गुनासो गर्नुभयो। “रैथाने बालीको बीउ किसानबाट किन्ने प्रयास गर्‍यौं, तर कानुनी झन्झटले रोकिएको छ,” उहाँको भनाइ थियो।

जिल्ला सहकारी संघका अध्यक्ष बसन्तकुमार श्रेष्ठ र कृषक उपेन्द्रलाल कामीले कार्यक्रम तर्जुमा गर्दा स्थानीय आवश्यकता, साझेदारी र प्राविधिक सल्लाहलाई प्राथमिकता दिन सुझाव दिए हुन्। उनीहरूले किसानको घरदैलोमै सेवा पुर्‍याउने कार्यक्रम बनाउनुपर्नेमा जोड दिएकका थिए। कार्यक्रममा जिल्लाका तीनवटै गाउँपालिका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत, कृषि तथा पशुपन्छी कार्यालयका अधिकृतहरू, पत्रकार महासंघका प्रतिनिधि, सहकारी संघ, स्थानीय जनप्रतिनिधि र सरोकारवालाहरूको सहभागिता थियो। गोष्ठीको अध्यक्षता कार्यालय प्रमुख डिल्लीराज पौडेलले गर्नुभएको थियो भने सञ्चालन अधिकृत थलराज बस्नेतले गर्नुभएको थियो।



## भूमे गाउँपालिका रुकुम पूर्वको सचेतनामुलक सन्देश

**आपतकालीन सुरक्षा र विपद् व्यवस्थापन**

- भूकम्प सुरक्षा अपनाऔं, सुरक्षित बसोबास गरौं।
- बाढीपहिरोबाट बच्न सचेत बनौं, सुरक्षाका उपाय अवलम्बन गरौं।
- अग्नि सुरक्षा अपनाऔं, आगलागीबाट जोगिऔं।
- आपतकालीन अवस्थामा धैर्य राखौं, सुरक्षित स्थानमा रहौं।

**लैंगिक समानता र सामाजिक न्याय**

- महिलाहरू माथि हुने हिंसा अन्त्य गरौं, समान समाज बनाऔं।
- समानता सबैका लागि, विभेदरहित समाज निर्माण गरौं।
- बालविवाह रोकौं, बालबालिकाको भविष्य सुनिश्चित गरौं।
- अपांगता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गरौं।

**स्थानीय कर, कानुन र प्रशासन**

- स्थानीय कर समयमा तिरौं, सेवा सुविधाको उपयोग गरौं।
- सरकारी सेवा प्रवाहलाई पारदर्शी बनाऔं, उत्तरदायी प्रशासन निर्माण गरौं।
- हाम्रो अधिकार र कर्तव्य बुझौं, कानुनको पालना गरौं।
- सुरक्षित यात्रा गरौं, सवारी नियम पालना गरौं।

**स्वास्थ्य र सरसफाइ**

- स्वस्थ जीवनशैली अपनाऔं, सफा र स्वस्थ समुदाय निर्माण गरौं।
- नियमित हात धोऔं, रोगबाट जोगिऔं।
- खोप लगाऔं, रोगप्रतिरोधी शक्ति बढाऔं।
- स्वच्छ खानेपानी प्रयोग गरौं, पानीजन्य रोगहरूबाट बचौं।

**शिक्षा र बालअधिकार**

- शिक्षा सबैका लागि, आधारभूत अधिकारका लागि।
- बालश्रम रोकौं, शिक्षामा लगाऔं।
- छोरीलाई पनि शिक्षा दिऔं, समान अवसर सिर्जना गरौं।
- विद्यालय जान प्रेरित गरौं, शिक्षाको उज्यालो भविष्य निर्माण गरौं।

**वातावरण संरक्षण**

- वृक्षरोपण गरौं, हरियाली प्रवर्द्धन गरौं।
- फोहरलाई वर्गीकरण गरौं, रिसाइकल गर्न सहज बनाऔं।
- नदी, ताल र पोखरी सफा राखौं, वातावरण स्वच्छ बनाऔं।
- प्लास्टिकको प्रयोग कम गरौं, प्राकृतिक स्रोतहरूको संरक्षण गरौं।

# साप्ताहिक लोक सेवा

**१विकास आयोजना व्यवस्थापनमा जनसहभागिता कति आवश्यक छ र विकास आयोजना व्यवस्थापनमा जनसहभागिता सुनिश्चित गर्न नेपालमा व्यवस्था गरिएका नीतिगत एवं कानुनी संरचनाहरू उल्लेख गर्नुहोस्।**

❖ विकास आयोजनाको आवश्यकता पहिचान, छनोट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, लाभ बाँडफाँट र दिगो सञ्चालनसम्मका चरणमा जनताको सक्रिय सहभागिता भएको अवस्थालाई विकास आयोजना व्यवस्थापनमा जनसहभागिताका रूपमा बुझ्न सकिन्छ। नागरिकको जीवन र दैनिकीलाई प्रत्यक्ष र दीर्घकालसम्म प्रभावित पार्ने सवालहरूमा सरकारले नागरिक विश्वासलाई ख्याल गरी निर्णय गर्नु पर्छ। यसरी गरिने निर्णय र सोको कार्यान्वयनले विकास आयोजना व्यवस्थापनलाई दिगो र परिणाममुखी बनाउन मद्दत गर्छ। विकास आयोजना व्यवस्थापनमा जनसहभागिताको आवश्यकता देहायका कारणले पर्छ।

**२ नेपालमा दिगो विकासको अवधारणालाई साकार पार्न वातावरण संरक्षण ऐन र नियमावलीले व्यवस्था गरेका महत्वपूर्ण प्रावधानहरू उल्लेख गर्नुहोस्।**

❖ वर्तमान पुस्ताका विकासका आवश्यकताहरू पूरा गर्दा भविष्यको पुस्ताको आवश्यकताहरू पूरा गर्नमा बाधा नपुग्ने गरी अन्तरपुस्ता समन्यायमा जोड दिई विकास अगाडि बढाउने अवधारणा नै दिगो विकासको अवधारणा हो। यस भविष्यमुखी विकास अवधारणाले मानवजात पृथ्वीको सहसम्बन्ध चिरकालसम्म कायम राख्दै विकासका आवश्यकता पूरा गर्दै जानुपर्ने कुरामा जोड दिएको छ। नेपालको वातावरण कानुनले वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, विकास र वातावरणबिचको सन्तुलन, जलवायु परिवर्तन व्यवस्थापनलगायतका सवालहरूलाई सम्बोधन गर्दै दिगो विकासका लागि व्यक्ति र संस्थाको व्यवहारलाई निर्देशित गरेको छ।

**वातावरण संरक्षण ऐन र नियमावलीमा भएका व्यवस्थाहरू :**

– विकास निर्माण योजना कार्यान्वयन गर्दा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने,
– तोकिएका नीति कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुअघि सो सम्बन्धमा रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्ने
– –नेपाल सरकार वा प्रदेश सरकारले कुनै क्षेत्रको नक्साङ्कन गरी वातावरणीय अध्ययन गर्न सक्ने
– सवारीसाधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटल व्यवसाय वा अन्य कुनै क्रियाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण पदार्थ निष्कासनका कारण हुने असर न्यूनीकरण गर्न प्रदूषण मापदण्ड निर्धारण र कार्यान्वयन गर्ने
– मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव पार्ने जोखिमपूर्ण पदार्थको पैठारी र निकासी व्यवस्थित गर्ने,
–वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन तथा वातावरण संरक्षणसम्बन्धी मापदण्ड परिपालनाको अनुगमन र निरीक्षण गर्न वातावरण निरीक्षकको व्यवस्था गरिने,

# नेपालमा खोरेत रोगको अवस्था र रोकथाममा अपनाइएको रणनीति

खोरेत गाई, भैंसी, भेडा, बाख्रा, सुंगुर, बंगुर, बदेल, हात्ति लगायत खुरफट्टा जंगली जनावरमा देखा पर्ने भयानक सरुवा रोग हो। यसले उत्पादनमा मात्र कमी ल्याउने होईन कि साना पाडाबाच्छामा मृत्यु दर पनि बढि हुन्छ। यश रोग लागेमा गर्भिणी माउले तुहाउंछ। यो रोग विभिन्न जनावर जातमा एकै पटक देखा पर्न सक्ने, धेरै जनावर प्रभावित भएता पनि थोरै मात्र मर्ने गर्दछ। खोरेत रोग नेपालमा बाह्रै महिना तराई, पहाड र हिमाली जिल्लहरुमा देखा परिरहन्छ र पशु आवतजावत नै रोग प्रकोपको मूल आधार हो।

## खोरेत रोगको विषाणु

- अति सुक्ष्म
- थोरै समयमा धेरै सन्तान उत्पादन गर्ने क्षमता भएको (High reproductive potential)
- बाहिरी बातावरणमा लामो समयसम्म क्रियाशील रहन सक्ने हुन्छ ।
- छोटो समयभित्र खोरेत विषाणुले पशुलाई रोगी तुल्याउन सक्ने र
- विभिन्न जातका जनावरलार्य एकैपल्ट आक्रमण गर्न सक्ने क्षमताका कारण महामारीको रुपमा फैलिन्छ।

## रोग सर्ने तरिकाः

- रोगी पशुसित लसपस भएमा,
- रोगी पशुको ¥यालले दुषित बनाएको दानापानी खाएमा,
- रोगी पशुले फोहोर बनाएको भांडाकुंडामा दानापानी खाएमा,
- रोगी पशुलाई राखेको खोरमा राखेमा
- रोगी जनावरको मासु
- कांचो दूध र खोरेत विषाणुले दुषित सामान, गाडी आदिको माध्यमबाट
- कुनै मानिस रोगी जनावरको सम्पर्कमा रहेको अवस्थामा निजको श्वास नलीभित्र २४ घण्टा खोरेत विषाणु बाच्न सक्छ र रोग सार्न सक्छ।

**लक्षणहरुः**

- शुरुमा पशुले राम्ररी नखाने।

- मुख तथा गिजामा पानी पोका आउने र पछि फुटेर घाउ बन्ने

- र्याल काढ्न

- जिब्रोमा घाउ बन्न

- झोक्राउने नउग्राउने।

- धेरै ज्वरो आउंछ।

- खुरको कापमा घाउ हुन्छ र पशुले लंगडाउंछ।

- कल्चौडामा फोका उठ्ने र पछि थुनेलो हुन

- गर्भिणी पशुले तुहाउन

## उपचार

- मुखको घाउमा फिटकिरी पानीले सफा गर्ने

- खुट्टाको घाउमा पोटास पानी वा डिटोल वा निलो वा १० प्रतिशत कपर सल्फेटको झोलले किरा परेको घाउ सफा गर्ने र कुनै मलम औषधि लगाउने।

- Broad spectrum antibiotics प्रयोग गर्ने

-सुख्खा ठाउंमा राखि उपचार गन

- प्राविधिकको सहयोग लिनु राम्रो हुन्छ।

- गोठलाई सफा गरि राख्ने र पशुलाई सकेसम्म बंधुवा गरि पाल्ने।

- रोगी पशुलाई बेग्लै राख्ने र रोगी पशुले दुषित बनाएको दानापानी आदिलाई गाडि दिने।

- रोगबाट मरेकोलाई पनि गहिरो गरि खाल्डोमा पुर्नु पर्दछ।

- निरोगी पशुलाई ६।६ महिनामा खोरेत रोगको एफ.एम.डी. भ्याक्सीन लगाउनु पर्दछ।

- रोग फैलिएको शंका लागेमा नजिकको सेवा केन्द्रमा तुरुन्तै खबर गर्नु पर्दछ।

## नेपालमा खोरेत रोगको अवस्था

सन् २०१३ मा जम्मा २६६ रिपोर्टहरू प्राप्त भएकोमा १२ पुर्वाञ्चल, १०० मध्यमाञ्चल, २१ मध्य पश्चिमाञ्चल, ११६ पश्चिमाञ्चल र १७ वटा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका थिए।

प्राप्त रिपोर्टहरु मध्ये पहाडी जिल्लाहरूबाट सबैभन्दा धेरै ६९ प्रतिशत, तराईबाट २० प्रतिशत र हिमाली क्षेत्रबाट ११ प्रतिशतको आँकडा देखिन्छ। अधिकांश प्रकोपहरू ठूला पशुहरूमा (१८६) त्यसपछि क्रमशः साना पशु (६६) र बंगुरमा (१६) देखापरेका थिए।

## नेपालमा खोरेत रोगले पु¥याएको आर्थिक क्षति

नेपालमा खोरेत रोगले पुऱ्याएको आर्थिक क्षति प्रत्येक पटकको खोरेत रोग प्रकोपमा प्रभावित घरधुरीहरूको विस्तृत विवरण आवश्यक पर्ने भएकोले नेपालमा खोरेत रोगबाट प्रत्येक वर्ष हुने समग्र आर्थिक क्षतिको अनुमान गर्न कठिन छ।कुनै गाउँमाखोरेत रोगको एउटा प्रकोप हुँदा २० देखि ४० प्रतिशतसम्म घरधुरीहरू प्रभावित हुनसक्ने सम्भावना रहन्छ।एउटा गाउँमा सरदर ५० देखि २०० सम्म घरधुरी हुन्छन्। कम लागतमा खोरेत रोगको असर न्यूनिकरण गर्न चेतना अभिवृद्धि, गाउँ र जिल्लास्तरका प्राविधिकहरूलाई तालिमको व्यबस्था सहितको कुशलरोग नियन्त्रण रणनीति आवश्यक छ।

# खोरेत रोग रोकथामका लागि अपनाइएको रणनीति

रोग प्रकोपको अन्वेषण र रोग विरुद्ध स्थानीय प्रयासः यस अन्तर्गत लाक्षणिक खोरेत प्रकोपको परिमाण, ढाँचा, असर र जोखिमका कारकहरू बारेको व्याख्याको साथै यसबाट हुने प्रत्यक्ष क्षति न्यूनिकरण गर्ने विषयहरू पर्दछन्।

एन.एस.पी (ल्क्ए) सिरोलोजिकल सर्भेः यस अन्तर्गत खोरेत रोग नियन्त्रण रणनीतिक योजना कार्यान्वयनको प्रस्थान बिन्दुको रुपमा खोरेत रोग संक्रमणको विद्यमान अवस्थाको आँकलन गर्ने विषयहरू पर्दछन्।

उत्पादन श्रृंखला विश्लेषणः यसको उद्देश्य खोरेत रोगबाट प्रभावित हुने ठूला चौपाया (गाई, भैंसी), साना चौपाया (भेंडा, बाखा) र बंगुर लगायतका पशुहरूको वितरण, आवतजावत, पशुजन्य उत्पादन, पशु व्यवस्थापन प्रणाली र पशु आहारामा खोरेत रोगले पार्न सक्ने जोखिम सम्बन्धी जानकारी प्राप्त गर्ने विषयहरू पर्दछन्।

- जोखिम विश्लेषण र जोखिममा आधारित खोरेत रोग नियन्त्रण रणनीति तर्जुमा यसको उद्देश्य खोरेत रोगको प्रकोप हुने क्षेत्रहरू पहिचान गरी माथि उल्लेखित विवरणहरू प्रयोगद्वारा जोखिममा आधारित खोरेत रोग नियन्त्रण रणनीतिक योजना तयार पार्नु हो।

- सचेतना तथा प्रचार प्रसार यसको उद्देश्य खोरेत रोग रोकथाम र नियन्त्रण सम्बन्धमा सरोकारवालाहरू (कृषक, सहकारी प्राविधिक, व्यापारी, उद्योगी र सुरक्षाकर्मी आदि) को सचेतना अभिवृद्धि गरी रोगको असर न्यूनिकरण र यथाशिघ्र रिपोर्ट गर्नु रहेको छ।

- पशु हाट बजारको व्यबस्थापन यसको उद्देश्य जैविक सुरक्षाका उपायहरू अबलम्बन, बजारको संरचनामा सुधार र रोगी पशुहरूलाई बजार प्रवेशमा रोक लगाई पशु हाटबजारलाई व्यवस्थित गरी रोग फैलिने जोखिममा कमी ल्याउन' हो।

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।